नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

## महाराजगंज, काठमाण्डौ

नि. मेडिकल डाईरेक्टर
प्रहरी नायब महानिरीक्षक

### शिलवन्दी राष्ट्रिय वोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७१।०५।१४ गते ।

यस अस्पताललाई आ.व.०७१।०७२ मा आवश्यक पर्ने औषधीजन्य सामग्री तथा कार्यालय संचालन तर्फका तपसिलमा उल्लेखित सामानहरु खरिद गर्नुपर्ने भएकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म,संस्था तथा कम्पनीहरुवाट रितपुर्वक राष्ट्रिय शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

<u>वोलपत्र सम्बन्धी विवरण :</u>

<u>कार्यालय संचालन तथा मर्मत तर्फ :</u>

| समुह | सामानको नाम | परिमाण | जमानत रकम | वोलपत्र फारम दस्तुर | वोलपत्र मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| समुह (क) | छपाई | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | रु.४०,०००।- | रु.१,०००।- | वोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७१।०६।१२ गते कार्यालय समय भित्र | २०७१।०६।१३ गते दिनको १२:०० वजे भित्र | २०७१।०६।१३ गते दिनको १४:०० वजे |
| समुह (ख) | सर सफाईका सामान | | रु.४८,०००।- | रु.१,०००।- | | | | |
| समुह (ग) | विजुली तथा प्लम्विङ्ग | | रु.३२,०००।- | रु.१,०००।- | | | | |
| समुह (घ) | मसलन्दका सामान | | रु.२०,०००।- | रु.१,०००।- | | | | |
| समुह (ङ) | सवारी साधन मर्मत तथा पार्टपुर्जाहरु | | रु.९४,०००।- | रु.१,०००।- | | | | |

औषधी तथा औषधीजन्य सामान तर्फ

| समुह | सामानको नाम | परिमाण | जमानत रकम | वोलपत्र फारम दस्तुर | वोलपत्र मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| समुह (क) | औषधी | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | रु.७,००,०००।- | रु.३,०००।- | वोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७१।०६।१३ गते कार्यालय समय भित्र | २०७१।०६।१४ गते दिनको १२:०० वजे भित्र | २०७१।०६।१४ गते दिनको १४:०० वजे |
| समुह (ख) | सर्जिकल सामान | | रु.१,७५,०००।- | रु.३,०००।- | | | | |
| समुह (ग) | प्याथोलोजी केमिकल्स एण्ड रि एजेन्ट | | रु.१,५५,०००।- | रु.३,०००।- | | | | |
| समुह (घ) | एक्सरे फिल्म तथा केमिकल्स | | रु.८०,०००।- | रु.१,०००।- | | | | |
| समुह (ङ) | डेन्टल सामान | | रु.४५,०००।- | रु.१,०००।- | | | | |
| समुह (च) | सुचर सामान | | रु.४५,०००।- | रु.१,०००।- | | | | |
| समुह (छ) | मेडिकल अक्सीजन | | २१,०००।- | रु.१,०००।- | | | | |
| समुह (ज) | अर्थोपेडिक ईम्प्लान्ट | | रु.६३,०००।- | रु.१,०००।- | | | | |

१. तोकिएको शुल्क तिरी उल्लेखित समय भित्र लिखित निवेदन सहित कारोबार दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, गत आ.व. को करचुक्ता प्रमाणपत्रको नोटरी पव्लीकवाट प्रमाणित प्रतिलिपी समेत संलग्न राखि यस अस्पतालको प्रबन्ध शाखा र कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंवाट वोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका वोलपत्र जमानत, वोलपत्र फारममा उल्लेखित कागजात सहित शिलवन्दी वोलपत्र यस अस्पतालको प्रबन्ध शाखामा दर्ता गरी सक्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र दाखिल गर्ने अन्तिम दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता तथा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ । निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

४. बोलपत्र फारम साथ तोकिएको जमानत रकममा नघटाई "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक ठमेल स्थित एकल धरौटी खाता नं.११००२०३ मा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नु पर्नेछ । **वैंक जमानत वोलपत्र मान्य अवधि भन्दा कम्तिमा ३० दिन वढी अर्थात कार्यालय संचालन तर्फ कम्तीमा मिति २०७१।१०।१४ गते सम्म र औषधी तर्फ कम्तीमा मिति २०७१।१०।१५ गते सम्म मान्य हुनुपर्नेछ ।**

५. रित नपुगी वा बोलपत्रहरुको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको शिलबन्दी वोलपत्र उपर कारवाही गरिने छैन ।

६. वोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न **मिति २०७१।०६।०३ गते ११:०० वजे** यस अस्पतालमा प्रि-बिड मिटिङ्गको आयोजना गरिने हुँदा उक्त मिति अगावै वोलपत्र फारम खरिद गरी उक्त मिटिङ्गमा सहभागि हुन जानकारी गराईन्छ ।

७. वोलपत्रदाताले सबै समुह, आँशिक वा कुनै एक समुहको लागि मात्र पनि वोलपत्र पेश गर्न सक्ने छन् । तर समुह भित्रको प्रत्येक आईटमहरुको वोलकवोल अंक अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । वोलपत्रहरु प्याकेजमा मूल्यांकन गरी प्याकेज मै स्वीकृत गरिनेछ ।

नि. मेडिकल डाईरेक्टर
डा. सुगल शम्शेर ज.ब.रा.
प्रहरी नायव महानिरीक्षक

८. औषधि तर्फका प्याकेज (क), (ख) र (ग) को लागि e-Submission पनि गर्न सकिने छ ।

e-bidding मा भाग लिने वोलपत्रदाताहरुको लागि

(क) सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.gepson.gov.np वाट e-bidding को कार्य गरिने छ । उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार ईच्छुक वोलपत्रदाताहरुले e-bidding मा भाग लिन सक्नेछन् ।

(ख) e-bidding मा भाग लिने वोलपत्रदाताहरुले वोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु e-bidding Portal www.gepson.gov.np वाट डाउनलोड गरे पश्चात स्पष्ट सँग भरी सो को Scanned Copy PDF Format मा Upload गर्नुपर्नेछ । साथै वोलपत्र फारम दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौको नाममा रा.वा.वैंक ठमेलमा रहेको राजश्व खाता नं. १४२२७ मा जम्मा गरी वैंक भौचरको Scanned Copy PDF format मा Upload गर्नुपर्नेछ ।

(ग) e-submission गर्ने वोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले वोलपत्र दाखिला गर्ने अन्तिम मिति भित्र Upload गरी सक्नु पर्नेछ । Upload भएका वोलपत्रहरु तोकिएको मिति र समयमा खोलिनेछ र पेश गरिएका कागजातहरुको सक्कल प्रतिको साथै उक्त कागजातहरु नोटरी पव्लिकवाट समेत प्रमाणित गराई कार्यालयले माग गरेको वखत पेश गर्नुपर्नेछ ।

(घ) वोलपत्र दाताले e-bidding मार्फत वोलपत्र खोल्ने समयमा निजको e-bid दर्ता भएको नदेखिएमा यस अस्पताल जवाफदेहि हुनेछैन ।

(ङ) एकै वोलपत्रदाताले शिलवन्दी वोलपत्र वा e- bidding मध्ये कुनै एक माध्यामवाट मात्र वोलपत्र पेश गर्न सक्नेछ । यदी दुवै प्रणाली प्रयोग गरी वोलपत्र पेश गरेमा त्यस्तो वोलपत्र स्वत : रद्ध हुनेछन् ।

९. वोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछन् ।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

११. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी विभाग/प्रवन्ध शाखावाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिनेछ ।

१२. यो सूचना नेपाल प्रहरी अस्पतालको website www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.ppmo.gov.np पनि हेर्न सकिने छ ।